लिखु गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

दुँडे, नुवाकोट

बागमती प्रदेश, नेपाल

मिति:२०८०/०९/१८

## विज्ञप्ती

***लिखुका जनप्रतिनिधी र कर्मचारीले खाएको पैसा तिरेनन्, होटल प्रवेशमै निशेध गरियो*** भन्ने शीर्षकमा मार्कोपोलो रिसोर्ट, लिखु ३ पट्टाबारीको सूचनालाई हवाला दिई मिति २०८० पौष १७ गते मंगलबार दैनिकी अनलाइनमा प्रकाशित समाचार प्रति लिखु गाउँपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ ।

गाउँपालिकाले विभिन्न तालिम, गोष्ठी, सभा तथा अतिथी सत्कार जस्ता कार्यक्रमहरुको आयोजना/सन्चालन गर्दा नेपाल सरकार तथा प्रदेश सरकारबाट स्वीकृत कार्य सन्चालन निर्देशिका, लिखु गाउँपालिकाको कार्य सन्चालन निर्देशिका र प्रचलित कानुनमा तोकिएको दरमा नबढ्ने गरी खाजा/खाना लगायतका शीर्षकमा बजेट बाँडफाँड गरी सोही सीमा भित्र रही बजेट खर्च गर्नुपर्ने हुन्छ । सो खर्च नियमानुसार प्रमुख प्रशासकिय अधिकृतबाट हुने पनि सर्वविदितै छ ।

गाउँपालिकाको कार्यालय र अन्तर्गतका विषयगत शाखाहरु मार्फत सन्चालित हुने स्वीकृत कार्यक्रमहरु चालु आ.व. २०८०/०८१ मा उक्त होटलमा कार्यकम सन्चालन भएको भए र यदि कुनै त्यस्ता कार्यक्रमको वील भुक्तानी बाँकी भएको भए प्रचलित नर्म्स, खाजा/खाना अर्डर स्लीप (कार्यालयको आधिकारीक व्यक्तिको हस्ताक्षर भएको) सहित सम्बन्धित शाखा प्रमुख मार्फत नियमानुसार भुक्तानी सिफारिस भइ आएमा औचित्यता हेरी भुक्तानी हुनेनै छ । कार्यालयको आधिकारीक दस्तखत भएको अर्डर स्लिप विना कोही कसैले गाउँपालिकाको नाममा खाएको वील भुक्तानी दिन नसकिने भएकोले आधिकारीक आदेश विना कोही कसैलाई खाना/खाजा उपलब्ध नगराउनुहुन संबन्धित पक्षलाई समेत अनुरोध गर्दछौं ।

लिखु गाउँपालिकाका जनप्रतिनिधी र सम्पुर्ण कर्मचारीहरुको चरित्र हत्या गर्ने मनसायले प्रकाशित समाचार तथा विज्ञप्ती प्रति लिखु गाउँपालिका खेद प्रकट गर्दछ साथै प्रचलित कानुनको पालना गर्दै गाउँपालिकामा सुशासन कायम गर्ने र समृद्धि हासिल गर्ने कार्यमा सदैब दृढ संकल्पित रहीरहने व्यहोरा समेत यसै विज्ञप्ती मार्फत आम समुदायमा जानकारी गराइन्छ ।

धुर्व श्रेष्ठ
अध्यक्ष